नेपाल सरकार

राष्ट्रिय योजना आयोग

विशेष/समपूरक अनुदान आयोजना/कार्यक्रम

# प्रयोगकर्ता पुस्तिका

**विषय सूची**


लगईन ........ 3

प्रयोगकर्ताको ड्यासबोर्ड ........ 4

प्रगति विवरण ........ 4

आयोजना सम्पन्नताको अवस्था ........ 7

क्रमागत आयोजना/कार्यक्रमहरूको अनुदान रकम माग ........ 9

क्रमागत आयोजना/कार्यक्रमहरूको अनुदान रकम चाहिदैन ........ 10

नयाँ आयोजना/कार्यक्रम ........ 11

विशेष अनुदान नयाँ ........ 11

आयोजना/कार्यक्रम विवरण ........ 12

अनिवार्य कागजातहरू ........ 13

शर्त घोषणा पृष्ठ ........ 14

शर्त घोषणा कागजात अपलोड ........ 15

थप विवरण ........ 16

राष्ट्रिय उदेश्यसँग सामञ्जस्यता ........ 17

प्राथमिकता क्रम ........ 17

पूर्वावलोकन र आयोजना/कार्यक्रमको प्रस्ताव मूल्यांकन विवरण हेर्न र सम्बन्धित निकायमा पेश गर्न ........ 18

विवरण सच्चाउनुहोस ........ 19

विशेष अनुदान आयोजना/कार्यक्रमको विवरण ........ 20

समपूरक अनुदान नयाँ ........ 20

पासवर्ड परिवर्तन ........ 21


## लगईन

प्रयोगकर्ता (username) र पासवर्ड (password) राखेर सिस्टममा लगईन गर्नुहोस। प्रयोगकर्ता र पासवर्ड यस अघि नै सम्बन्धित प्रदेश (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) र स्थानीय तहमा पठाईसकिएको छ। कुनै कारणवश प्राप्त हुन नसकेमा राष्ट्रिय योजना आयोगको ईमेल csgrants@npc.gov.np मा आधिकारिक पत्राचार (scanned letter) गरी पुन प्राप्त गर्न (Reset) सक्नुहुनेछ।



## प्रयोगकर्ताको ड्यासबोर्ड

लगईन गरिसकेपछि प्रयोगकर्ताले तलको तस्विरमा देखाएको जस्तै ड्यासबोर्ड देख्नुहुन्छ ।




प्रयोगकर्ताले शुरुमा आफ्नो विवरण अद्यावधिक गर्नुपर्दछ । विवरण अद्यावधिक गरेपश्चात मात्र अन्य मेनुहरू देखीन्छन । (*) चिन्ह संकेत गरिएका शीर्षकहरू अनिवार्य रुपमा भर्नुपर्दछ ।

## प्रगति विवरण




आयोजना/कार्यक्रमहरूको प्रगति विवरण राख्नको लागी प्रगति विवरण लेखिएको मेनुमा क्लिक गर्नुहोस्।



स्विकृत आयोजना/कार्यक्रमको विवरण ।

| क्रम | शुरु भएको आ.व. | आयोजना/कार्यक्रमको नाम | अनुदान प्रकार | अवधि | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | आ.व. २०७६/७७ | गाँउघरको सडक निर्माण | समपुरक अनुदान | 2 | | | | | | आयोजना सम्पन्नताको अवस्था |
| 2 | आ.व. २०७६/७७ | समुदायिक मा.वि. भवन निर्माण (वी.न.पा १३ करेखोला) | विशेष अनुदान | 2 | | | | | | आयोजना सम्पन्नताको अवस्था |
| 3 | आ.व. २०७६/७७ | अस्पताल निर्माण | विशेष अनुदान | 2 | | | | | | आयोजना सम्पन्नताको अवस्था |

जुन आयोजना/कार्यक्रमको प्रगति विवरण राख्न लागिएको हो, त्यस आयोजना/कार्यक्रमको आर्थिक वर्षको बक्समा गएर आईकन मा क्लिक गर्नुहोस । यस अघि चौमासिक प्रगति विवरण पेश गर्ने गरिएकोमा, यस आ.व.देखि सरलीकरण हेतु वार्षिक प्रगति विवरण भर्ने व्यवस्था गरिएको छ ।





## १. आयोजना कार्यान्वयन स्थिति

क. कार्यान्वयन भएको

ख. कार्यान्वयन नभएको


यदि आयोजना कार्यान्वयन भएको हो भने तल देखाईएको फाराम भर्नुपर्दछ ।




हालसम्मको भौतिक प्रगति र हालसम्मको वित्तीय प्रगति प्रतिशत अंग्रेजी (English) अङ्कमा लेख्नुहोस जस्तै: 50

कूल ठेक्का रकम, हालसम्मको निकाशा रकम र हालसम्मको खर्च रकम **(रू. लाखमा)** अंग्रेजी (English) अङ्कमा लेख्नुहोस जस्तै: 150

यदि आयोजना कार्यान्वयन नभएको हो भने तल देखाईएको फाराम भर्नु पर्दछ ।



विवरण भरिएको आयोजना/कार्यक्रमहरूको आईकन को रंग परिवर्तन हुन्छ।


स्विकृत आयोजना/कार्यक्रमको विवरण।

| क्रम | शुरु भएको आ.व. | आयोजना/कार्यक्रमको नाम | अनुदान प्रकार | अवधि | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | आ.व. २०७६/७७ | मंगलगढी-नेताचोक सडक निर्माण | समपुरक अनुदान | 2 | | | | | | आयोजना सम्पन्नताको अवस्था |

**आयोजना सम्पन्नताको अवस्था**

आयोजना/कार्यक्रमको सम्पूर्ण आर्थिक वर्षहरूको प्रगति विवरण राखेपश्चात मात्रै यो विकल्पले काम गर्दछ। हरेक आयोजना/कार्यक्रमको "आयोजना सम्पन्नताको अवस्था" को विवरण पेश गर्नुपर्दछ।

आयोजना सम्पन्नताको अवस्था पेश गर्नको लागि "आयोजना सम्पन्नताको अवस्था" लेखिएको लिंकमा क्लिक गर्नुहोस।




**सम्पन्नताको अवस्था**


१. सम्पन्न

२. सम्पन्न भएको छैन

३. रद्द गरिएको (Dropped)

**१. सम्पन्न**

यदि छानिएको आयोजना/कार्यक्रम सम्पन्न भएको हो भने सम्पन्न लेखिएको छनोट मा क्लिक गर्नुहोस।





आयोजना/कार्यक्रम पूर्ण सम्पन्न हो या आंशिक सम्पन्न हो छनोट गर्नुहोस। पूर्ण सम्पन्न भनेको आयोजनाको सतप्रतिशत भौतिक र वित्तीय प्रगति भई भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भएको वा कार्यक्रम भए प्रस्तावबमोजिम तोकिएको लक्ष्य पुरा भई फेरि सोही आयोजनाको लागि विनियोजन आवश्यक नभएको आयोजना/कार्यक्रमहरुलाई जनाउँछ।

आंशिक सम्पन्न भन्नाले भौतिक वा वित्तीय प्रगति सतप्रतिशत हासिल नभएको तर आयोजनालाई सोही अवस्थामा टुंगाईएको वा अन्य स्रोतबाट अन्य निकायले गर्ने भएमा वा आयोजनामा थप रकम आवश्यक नहुने वा हस्तान्तरण भएका आयोजनालाई जनाउँछ।

२. **सम्पन्न भएको छैन**

यदि आयोजना/कार्यक्रम सुरु भई केही मात्रामा भौतिक तथा वित्तीय प्रगति समेत भएको, कुनै कारणवश सम्पन्न भएको छैन भने "सम्पन्न भएको छैन" भन्ने विकल्प चुन्नुहोस। उक्त आयोजना/कार्यक्रमका लागि सोही तहबाट सम्पन्न गर्न थप रकम कति आवश्यक पर्छ र समयावधि (१ वा २ वर्ष) कति आवश्यक हुन्छ सो कुरा समेत उल्लेख गर्नुहोस्।




३. **रद्द गरिएको (Dropped)**

यदि आयोजना/कार्यक्रम कार्यान्वयनमा समेत नगई शून्य भौतिक तथा वित्तीय प्रगति भएको र आगामी दिनमा समेत सोही आयोजना/कार्यक्रमका लागि सङ्घीय समपूरक वा विशेष अनुदानमार्फत रकम आवश्यक नपर्ने गरी रद्द (Dropped) गरिएको हो भने "रद्द गरिएको

(Dropped)" छनोट गर्नुहोस । रद्द गरिएको आयोजना/कार्यक्रमको हकमा कारण खुलाएर आधिकारिक निर्णय वा पत्रको स्क्यानसमेत अपलोड गर्नुपर्नेछ ।




## क्रमागत आयोजना/कार्यक्रमहरूको अनुदान रकम माग




सम्पूर्ण आयोजना/कार्यक्रमहरुको प्रगति विवरण र आयोजना कार्यक्रमहरुको सम्पन्नताको अवस्था भरेपश्चात मात्रै यो मेनु देखिन्छ । क्रमागत आयोजना/कार्यक्रमहरुको अनुदान रकम माग गर्नको लागि यो मेनुमा क्लिक गर्नुहोस ।

स्वीकृत क्रमागत आयोजना/कार्यक्रमहरुको विवरण :विशेष र समपूरक

| क्रम | स्वीकृत | कोड | शुरु आ.व. | आयोजना/कार्यक्रमको नाम | अनुदान प्रकार | कुल लागत(लाखमा) | अवधि (वर्ष) | स्वीकृत रकम(प्रथम वर्ष)(लाखमा) | स्वीकृत रकम(दोस्रो वर्ष)(लाखमा) | स्वीकृत रकम(तेस्रो वर्ष)(लाखमा) | विवरण | रकम माग | रकम चाहिदैन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | भएको | 24310 | आ.व. २०८०/८१ | सिद्धथान पर्यटन विकास योजना। | विशेष अनुदान | 500.00 | 3 | 115.00 | 0.00 | 0.00 | | | |
| 2 | भएको | 24155 | आ.व. २०८०/८१ | शीत भण्डार गृह निर्माण। | समपुरक अनुदान | 500.00 | 3 | 50.00 | 0.00 | 0.00 | | | |

जुन आयोजना/कार्यक्रमको लागि अनुदान रकम माग गर्न लागिएको हो सो आयोजना/कार्यक्रमको रकम माग लेखिएको आईकनमा क्लिक गर्नुहोस।




यस आ.व. देखि विशेष अनुदानका हकमा चालु र पुँजिगत रकमको लागि भिन्नाभिन्नै माग भर्नु पर्दछ।

**जम्मा रकम माग = रकम चालु + रकम पुँजीगत**


चालु र पुँजिगत रकम माग अंग्रेजी अङ्कमा लेख्नुहोस जस्तै; 150

## क्रमागत आयोजना/कार्यक्रमहरूको अनुदान रकम चाहिदैन

स्वीकृत क्रमागत आयोजना/कार्यक्रमहरुको विवरण :विशेष र समपूरक

| क्रम | स्वीकृत | कोड | शुरु आ.व. | आयोजना/कार्यक्रमको नाम | अनुदान प्रकार | कुल लागत(लाखमा) | अवधि (वर्ष) | स्वीकृत रकम(प्रथम वर्ष)(लाखमा) | स्वीकृत रकम(दोस्रो वर्ष)(लाखमा) | स्वीकृत रकम(तेस्रो वर्ष)(लाखमा) | विवरण | रकम माग | रकम चाहिदैन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | भएको | 24310 | आ.व. २०८०/८१ | सिद्धथान पर्यटन विकास योजना। | विशेष अनुदान | 500.00 | 3 | 115.00 | 0.00 | 0.00 | | | |
| 2 | भएको | 24155 | आ.व. २०८०/८१ | शीत भण्डार गृह निर्माण। | समपुरक अनुदान | 500.00 | 3 | 50.00 | 0.00 | 0.00 | | | |

क्रमागत आयोजना/कार्यक्रमहरुको अनुदान रकम नचाहिने भएमा रकम चाहिदैन लेखिएको शीर्षकको आईकनमा क्लिक गर्नुहोस।





रकम नचाहिने कारण र निर्णयको पत्र अपलोड गरेर सुरक्षित गर्नुहोस।

## नयाँ आयोजना/कार्यक्रम

देब्रेतिरको मेनुमा देखिएको जस्तै नयाँ आयोजना/कार्यक्रम लेखिएको मेनुमा क्लिक गर्नुहोस ।




## विशेष अनुदान नयाँ

विशेष अनुदान-आयोजना/कार्यक्रम लेखिएको मेनुमा क्लिक गर्नुहोस ।

“नयाँ आयोजना थप्नुहोस” लेखिएको बटनमा क्लिक गर्नुहोस ।



**आयोजना/कार्यक्रम विवरण**

क. **मूलभूत क्षेत्र:** भर्न लागिएको आयोजना/कार्यक्रम जुन मूलभूत क्षेत्र अन्तरगत पर्छ , त्यहि मूलभूत क्षेत्र छान्नुहोस ।

ख. **आधार क्षेत्र:** मूलभूत क्षेत्रबाट आउने आधार क्षेत्र मध्ये कुनै एक आधार क्षेत्र छान्नुहोस ।


ग. **आयोजना/कार्यक्रमको नाम:** आयोजना/कार्यक्रमको नाम लेख्नुहोस ।

घ. **कूल लागत:** आयोजना/कार्यक्रमको कूल लागत (रु. लाखमा) अंग्रेजी अङ्कमा लेख्नुहोस जस्तै : 10000000 ।

ङ. **लाभान्वित सम्भाव्य जनसंख्या:** लाभान्वित सम्भाव्य जनसंख्याको अङ्क अंग्रेजीमा लेख्नुहोस जस्तै: 580

च. **अवधि (वर्ष):** आयोजना/कार्यक्रमको अवधि लेख्नुहोस । अवधि अंग्रेजी अङ्कमा लेख्नुहोस जस्तै : 1

छ. माग रकम (रू. लाखमा) चालु तर्फ र पुँजीगततर्फको विवरण भर्नुहोस । चालुतर्फ र पुँजीगततर्फको रकम कूल लागतको रकमसँग बराबर हुनुपर्दछ ।




सम्पूर्ण विवरण भरिसकेपछी “सुरक्छित गर्नुहोस” वा “सच्चाउनुहोस” लेखिएको बटनमा क्लिक गर्नुहोस ।

## अनिवार्य कागजातहरू

पेश गर्नुपर्ने अनिवार्य कागजातहरू

| क्रस | कागजातहरू | फाईल अपलोड | अपलोड गरिएका फाईलहरू |
|---|---|---|---|
| 1 | आयोजना/कार्यक्रमको प्रस्तावमा अपिक्षित उपलब्धि सहित आर्थिक, सामाजिक, वातावरणीय र लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका पक्षहरुको विश्लेषण, आयोजनाको दियोपन सुनिश्चित हुने आधार सहित कूल लागत अनुमान खुल्ले आवश्यक कार्यक्रम प्रस्ताव (क्रियाकलाप सहित) (Detailed Program Proposal) वा सम्भाव्यता अध्ययन (Feasibility Study)विस्तृत परियोजना प्रतिवदेन (DPR) वा विस्तृत ईन्जिनियरङ्ग प्रतिवेदन (DER) वा ईन्जिनियरङ्ग डिजाईन वा ड्रङङ्ग डिजाइन/स्पेशिफिकेशन सहितको विस्तृत प्रतिवेदन | Browse... No file selected. | |
| 2 | प्रचलित कानुन बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परिक्षण व वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन(IEE/EIA) (आवश्यक नभएमा पुष्ट्याई) | Browse... No file selected. | |
| 3 | स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले सङ्घीय विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि (उपस्थिति सहित) | Browse... No file selected. | |

(फाईल अपलोड गर्नुपर्ने शिर्षकहरूमा फाईल अपलोड गर्नुहोस ।")

सुरक्छित गर्नुहोस | मुख्य सुचिमा जानुहोस

पेश गर्नुपर्ने अनिवार्य कागजातहरू शीर्षक अनुसारको फाईल अपलोड गरेर "सुरक्षित गर्नुहोस"।

## शर्त घोषणा पृष्ठ

शर्त घोषणा पृष्ठ

| क्रस | | शर्तहरू |
|---|---|---|
| 1 | ☑ | आयोजना/कार्यक्रमको कूल लागत सीमाभित्र रहेको । |
| 2 | ☑ | आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र पुष्ट्याँई भएको । (मुख्यमन्त्री तथा मन्त्रिपरिषदको निर्णय वा कार्यपालिका को निर्णय) को प्रतिलिपि |
| 3 | ☑ | आयोजना/कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको । |
| 4 | ☑ | प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहको वार्षिक विकास कार्यक्रम मध्यकालीन खर्च संरचना तथा बजेटमा परेको । (बजेटको प्रतिलिपी) |
| 5 | ☑ | नेपाल सरकारको प्राथमिकतामा परेको |
| 6 | ☑ | पूर्वाधार निर्माण सम्बन्धि आयोजना/कार्यक्रमको हकमा आयोजनाको विस्तृत प्रतिवेदन, Drawings, Design, Sketch भएको । |
| 7 | ☑ | आयोजनाको सम्भाव्यता अध्ययन भएको (*) |
| 8 | ☑ | प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) आवश्यक पर्ने भएमा सोको मूल्यांकन भएको । |
| 9 | ☑ | आयोजनाको प्रस्ताव तयार भएको |
| 10 | ☑ | वार्षिक लागत सहित आयोजना/कार्यक्रमको कार्यान्वयन योजना भएको । |
| 11 | ☑ | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमसँग दोहोरो नपरेको । |
| 12 | ☑ | आयोजना अवधि बढीमा ३ वर्ष भएको |
| 13 | ☑ | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको |
| 14 | ☑ | स्थानीय तहहरूले बहुवर्षीय आयोजना सहित अधिकतम पाँचवटा सम्म आयोजनाहरू प्रस्ताव गर्नुपर्नेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ ।सोही प्राथमिकताका आधारमा स्रोतको उपलब्धता हेरी आयोजना/कार्यक्रम छनौट गरिनेछ । |
| 15 | ☑ | प्रदेशहरूको हकमा बहुवर्षीय आयोजना सहित अधिकतम दशवटा सम्म आयोजनाहरू प्रस्ताव गर्नुपर्नेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ ।सोही प्राथमिकताका आधारमा स्रोतको उपलब्धता हेरी आयोजना/कार्यक्रम छनौट गरिनेछ । |
| 16 | ☑ | बुँदा नं १५ र १६ मा उल्लेख भए बमोजिमको संख्यामा आयोजना/कार्यक्रम प्रस्ताव गर्दा आ.व. २०७७/७८ तथा आ.व. २०७८/७९ मा विशेष अनुदान प्राप्त गरेका बहुवर्षीय प्रकृतिका आयोजनाहरूलाई अनिवार्य रुपमा पहिलो प्राथमिकतामा राखी आयोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।त्यस्ता आयोजना/ कार्यक्रमको लागि प्रस्ताव पेश नभएमा स्वत: बजेट विनियोजन हुनेछैन। |
| 17 | ☑ | आयोजना/कार्यक्रमको प्राथमिकीकरण समेत निर्धारण गरिएको । |
| 18 | ☑ | प्रदेशहरुको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगबाट प्राथमिकता निर्धारण गरिएको । |
| 19 | ☑ | यस अघि संङ्घीय विशेष अनुदान प्राप्त गरेको आयोजना/कार्यक्रमलाई सम्पन्न गर्ने गरी प्राथमिकीकरण गरिएको । |
| 20 | ☑ | आयोजना/कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको । |
| 21 | ☑ | आयोजना/कार्यक्रमको व्यवस्थापन तथा सन्चालन सम्बन्धित तहले गर्ने सुनिश्चितता भएको । |
| 22 | ☑ | आयोजना/कार्यक्रमका लागि आवश्यक जग्गा प्राप्त भएको । |
| 23 | ☑ | आयोजना/कार्यक्रमको निर्माणस्थलको Site Clearance भएको । |

☑ आयोजना/कार्यक्रम प्रस्तावसंग सम्बन्धित माथिका शर्तहरू पुरा भएको व्यहोरा साचो हो भनि घोषणा गर्दछु ।

(प्रत्येक बुदाँको चेक बक्सहरूमा चेक लगाउनुहोस ।)

सुरक्छित गर्नुहोस | मुख्य सुचिमा जानुहोस

शर्तहरू राम्रोसँग पढेर प्रत्येक चेक बक्समा चेक गर्नुहोस । "सुरक्षित गर्नुहोस" लेखिएको बटनमा क्लिक गरेर अगाडि बढ्नुहोस ।

# शर्त घोषणा कागजात अपलोड

## शर्त घोषणा कागजात

### आमचोक गाउँपालिका
### गाँउ/नगर कार्यपालिकाको कार्यालय

| क्रस | | शर्त |
|---|---|---|
| 1 | ☑ | आयोजना/कार्यक्रमको कूल लागत सीमाभित्र रहेको । |
| 2 | ☑ | आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र पुष्टयाँई भएको । (मुख्यमन्त्री तथा मन्त्रिपरिषदको निर्णय वा कार्यपालिका को निर्णय) को प्रतिलिपि |
| 3 | ☑ | आयोजना/कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको । |
| 4 | ☑ | प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहको वार्षिक विकास कार्यक्रम मध्यकालीन खर्च संरचना तथा बजेटमा परेको । (बजेटको प्रतिलिपी) |
| 5 | ☑ | नेपाल सरकारको प्राथमिकतामा परेको |
| 6 | ☑ | पूर्वाधार निर्माण सम्बन्धि आयोजना/कार्यक्रमको हकमा आयोजनाको विस्तृत प्रतिवेदन, Drawings, Design, Sketch भएको । |
| 7 | ☑ | आयोजनाको सम्भाव्यता अध्ययन भएको (*) |
| 8 | ☑ | प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) आवश्यक पर्ने भएमा सोको मूल्यांकन भएको । |
| 9 | ☑ | आयोजनाको प्रस्ताव तयार भएको |
| 10 | ☑ | वार्षिक लागत सहित आयोजना/कार्यक्रमको कार्यान्वयन योजना भएको । |
| 11 | ☑ | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमसँग दोहोरो नपरेको । |
| 12 | ☑ | आयोजना अवधि बढीमा ३ वर्ष भएको |
| 13 | ☑ | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको |
| 14 | ☑ | स्थानीय तहहरूले बहुवर्षीय आयोजना सहित अधिकतम पाँचवटा सम्म आयोजनाहरू प्रस्ताव गर्नुपर्नेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ ।सोही प्राथमिकताका आधारमा स्रोतको उपलब्धता हेरी आयोजना/कार्यक्रम छनौट गरिनेछ । |
| 15 | ☑ | प्रदेशहरूको हकमा बहुवर्षीय आयोजना सहित अधिकतम दशवटा सम्म आयोजनाहरू प्रस्ताव गर्नुपर्नेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ ।सोही प्राथमिकताका आधारमा स्रोतको उपलब्धता हेरी आयोजना/कार्यक्रम छनौट गरिनेछ । |
| 16 | ☑ | बुँदा नं १५ र १६ मा उल्लेख भए बमोजिमको संख्यामा आयोजना/कार्यक्रम प्रस्ताव गर्दा आ.व. २०७७/७८ तथा आ.व. २०७८/७९ मा विशेष अनुदान प्राप्त गरेका बहुवर्षीय प्रकृतिका आयोजनाहरूलाई अनिवार्य रुपमा पहिलो प्राथमिकतामा राखी आयोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।त्यस्ता आयोजना/ कार्यक्रमको लागि प्रस्ताव पेश नभएमा स्वत: बजेट विनियोजन हुनेछैन। |
| 17 | ☑ | आयोजना/कार्यक्रमको प्राथमिकीकरण समेत निर्धारण गरिएको । |
| 18 | ☑ | प्रदेशहरुको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगबाट प्राथमिकता निर्धारण गरिएको । |
| 19 | ☑ | यस अघि संङ्घीय विशेष अनुदान प्राप्त गरेको आयोजना/कार्यक्रमलाई सम्पन्न गर्ने गरी प्राथमिकीकरण गरिएको । |

| | | |
|---|---|---|
| 20 | ☑ | आयोजना/कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको। |
| 21 | ☑ | आयोजना/कार्यक्रमको व्यवस्थापन तथा सन्चालन सम्बन्धित तहले गर्ने सुनिश्चितता भएको। |
| 22 | ☑ | आयोजना/कार्यक्रमका लागि आवश्यक जग्गा प्राप्त भएको। |
| 23 | ☑ | आयोजना/कार्यक्रमको निर्माणस्थलको Site Clearance भएको। |

☑ आयोजना/कार्यक्रम प्रस्तावसंग सम्बन्धित माथिका शर्तहरू पुरा भएको व्यहोरा साचो हो भनि घोषणा गर्दछु।

प्रमुख प्रशासकीय अधिकृतको नाम : हस्ताक्षर: कार्यलयको छाप:

शर्त घोषणाको कागजात Browse... No file selected.

(शर्त घोषणाको कागजातलाई प्रिन्ट गरेर स्क्यान गरेर अपलोड गर्नुहोस)

अपलोड गर्नुहोस | मुख्य सुचिमा जानुहोस

शर्त घोषणा प्रिन्ट गर्नको लागि "Print Form" लेखेको बटनमा क्लिक गर्नुहोस। प्रिन्ट कपिमा सम्बन्धित प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिव वा सम्बन्धित स्थानीय तहको हकमा प्रमुख प्रशासकीय अधिकृतको नाम र पद, हस्ताक्षर र कार्यलयको छाप लगाई स्क्यान गरी अपलोड गर्नुहोस। कृपया चेकबक्समा चेक गरेर अपलोड गर्नुहोस।

## थप विवरण

थप विवरण

आयोजनाबाट विषय क्षेत्रगत उपलब्धिमा पुग्ने योगदान

☐ क उत्पादन/आय वृद्धि र रोजगारी सिर्जनामा प्रत्यक्ष र उल्लेखनीय योगदान पुग्ने

☐ ख उत्पादन/आय वृद्धि र रोजगारी सिर्जनामा अप्रत्यक्ष योगदान पुग्ने

☐ ग उत्पादन/आय वृद्धि र रोजगारी सिर्जनामा न्यून योगदान पुग्ने

आयोजनाको दिगोपना

☐ क सम्बन्धित निकायबाट १० वर्ष वा सो भन्दा बढी अवधीसम्म सञ्चालन हुने

☐ ख सम्बन्धित निकायबाट ५ वर्ष देखी १०वर्षको अवधीसम्म सञ्चालन हुने

☐ ग सम्बन्धित निकायबाट ५ वर्ष भन्दा कम अवधीसम्म सञ्चालन हुने

पेश गर्नुहोस् | मुख्य सुचिमा जानुहोस

मिल्दो विवरणमा चेक गर्नुहोस। पेश गर्नुहोस बटनमा क्लिक गरेर अगाडि बढ्नुहोस।

**राष्ट्रिय उदेश्यसँग सामञ्जस्यता**

## राष्ट्रिय उदेश्यसँग सामञ्जस्यता

1 ☐ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग

2 ☐ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता

3 ☐ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व

4 ☐ उच्च र समतामूलक राष्ट्रिय आय

5 ☐ परिष्कृत तथा मर्यादित जीवन

6 ☐ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज

7 ☐ प्रदूषणमुक्त र स्वच्छ वातावरण

8 ☐ सुशासन

9 ☐ सबल लोकतन्त्र

10 ☐ राष्ट्रिय एकता, सुरक्षा र सम्मान

[सुरक्छित गर्नुहोस] [मुख्य सुचिमा जानुहोस]

प्रस्ताव गर्न लागिएको आयोजना/कार्यक्रमले पन्ध्रौं योजनाका समृद्धि र सुखका १० राष्ट्रिय लक्ष्यमध्ये कुन कुन लक्ष्यमा योगदान दिने हो चेक बक्समा चेक गर्नुहोस। चेक गरिसकेपछि सुरक्षित गर्नुहोस बटनमा क्लिक गर्नुहोस।

**प्राथमिकता क्रम**

पेश गरिएको नयाँ आयोजना/कार्यक्रमको प्राथमिकता क्रम उल्लेख गर्नुहोस। प्राथमिकता क्रम सम्बन्धित प्रदेशले वा स्थानीय तहले निर्णय गरेको भन्दा फरक भएमा मूल्यांकनको क्रममा निर्णयको प्राथमिकता क्रम नै कायम हुनेछ।

**प्राथमिकता क्रम नंम्बर : 0**

आयोजनाको प्राथमिकीकरण

[१ ▾]

[सुरक्छित गर्नुहोस] [मुख्य सुचिमा जानुहोस]

# पूर्वावलोकन र आयोजना/कार्यक्रमको प्रस्ताव मूल्यांकन विवरण हेर्न र सम्बन्धित निकायमा पेश गर्न

## ✔ विवरण

| | |
|---|---|
| **मुलभुत क्षेत्र:** | सामाजिक क्षेत्र |
| **आधार/क्षेत्र:** | प्रदेश विश्वविद्यालय, विद्यालय भवन निर्माण जस्ता शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम |
| **आयोजना/कार्यक्रमको नाम:** | lkjlkjlkjlkj lk |
| **कूल लागत:** | 70000000.00 |
| **लाभान्वित सम्भाव्य जनसंख्या:** | 33434 |
| **अवधि (वर्ष):** | 2 |
| **प्रदेश वा स्थानिय तहले व्यहोर्ने रकम:** | 23434.00 |
| **सहकारी तथा अन्य गैर सरकारीले व्यहोर्ने रकम:** | 2423.00 |

## ✖ शर्त घोषणा

| क्रम | | शर्त | अपलोड गरीएको फाईल |
|---|---|---|---|

## ✔ थप विवरण

आयोजनाबाट उत्पादन/आय वृद्धि र रोजगारी सिर्जनामा पुग्ने योगदान

- ☐ क उत्पादन/आय वृद्धि र रोजगारी सिर्जनामा प्रत्यक्ष र उल्लेखनीय योगदान पुग्ने
- ☐ ख उत्पादन/आय वृद्धि र रोजगारी सिर्जनामा अप्रत्यक्ष योगदान पुग्ने
- ☐ ग उत्पादन/आय वृद्धि र रोजगारी सिर्जनामा न्यून योगदान पुग्ने

आयोजना पूर्व तयारीको अवस्था

- ☐ क विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत ईन्जिनियरिंग डिजाईन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको
- ☐ ख विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत ईन्जिनियरिंग डिजाईन तयार भएको
- ☐ ग आयोजनाको सम्भाव्यता अध्ययन भई विस्तृत आयोजना प्रतिवेदन तयारी अवस्थामा रहेको

आयोजनाको दिगोपना

- ☐ क सम्बन्धित निकायबाट १० वर्ष वा सो भन्दा बढी अवधीसम्म सञ्चालन हुने
- ☐ ख सम्बन्धित निकायबाट ५ वर्ष देखी १०वर्षको अवधीसम्म सञ्चालन हुने
- ☐ ग सम्बन्धित निकायबाट ५ वर्ष भन्दा कम अवधीसम्म सञ्चालन हुने

आयोजना कार्यान्वयनमा स्थानीय श्रोत साधनको उपयोग

- ☐ क आयोजनामा उपयोग हुने सामाग्रीमध्ये कम्तीमा ३०% स्थानीय स्रोत साधन उपयोग हुने
- ☐ ख आयोजनामा उपयोग हुने सामाग्रीमध्ये कम्तीमा २०% स्थानीय स्रोत साधन उपयोग हुने
- ☐ ग आयोजनामा उपयोग हुने सामाग्रीमध्ये २०% भन्दा कम स्थानीय स्रोत साधन उपयोग हुने

आयोजनामा प्रदेश वा स्थानीय तहको लगानीको हिस्सा

- ☐ क आयोजनामा सम्बन्धित तहको लगानी र कूल आयोजना लागतको ७०% भन्दा माथि रहेको
- ☐ ख आयोजनामा सम्बन्धित तहको लगानी र कूल आयोजना लागतको ७०%-६०% सम्म रहेको
- ☐ ग आयोजनामा सम्बन्धित तहको लगानी र कूल आयोजना लागतको ६०% भन्दा कम रहेको

## ✔ राष्ट्रिय उदेश्यसँग सामञ्जस्यता

1 ☐ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग

2 ☐ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता

3 ☐ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व

4 ☐ उच्च र समतामूलक राष्ट्रिय आय

5 ☐ परिष्कृत तथा मर्यादित जीवन

6 ☐ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज

7 ☐ प्रदूषणमुक्त र स्वच्छ वातावरण

8 ☐ सुशासन

9 ☑ सबल लोकतन्त्र

10 ☑ राष्ट्रिय एकता, सुरक्षा र सम्मान

(नोटः पेश गर्नु अघि एकपटक सम्पूर्ण विवरण चेक गर्नुहोस । सच्याउनु परेमा माथि भएको मेनुमा गएर जुन शिर्षकको विवरण सच्याउनु पर्ने हो सोहि मेनु क्लिक गर्नुहोस । पेश गरिसकेपछि विवरण सच्याउन मिल्दैन ।)

(नोटः घोषणा गरेको कागजात अपलोड गर्नु भएको छैन । पेश गर्नु अघि कागजात अपलोड गर्नुहोस ।)

प्रस्ताव पेश गर्नुहोस | मुख्य सुचिमा जानुहोस

सम्पूर्ण विवरण पुनरावलोकन गरी ठीक भएमा “प्रस्ताव पेश गर्नुहोस” लेखिएको बटनमा क्लिक गरी आयोजना/कार्यक्रम पेश गर्नुहोस।

**ध्यान दिनु पर्ने कुरा : पेश गरिसकेपछि विवरण सच्चाउन र हटाउन मिल्दैन**

## विवरण सच्चाउनुहोस

विवरण सच्चाउनु परेमा मुख्य सूचिमा जानुहोस। जुन विवरण सच्चाउनु पर्ने हो, सच्चाउनुहोसको आइकनमा क्लिक गर्नुहोस।






विवरण अद्यावधिक गरिसकेपछि “सच्चाउनुहोस” लेखिएको बटनमा क्लिक गर्नुहोस । जुन विवरण सच्चाउनु पर्ने हो सोको मेनुमा (१ देखि ८ सम्म माथि निलो ब्यानर) क्लिक गर्नुहोस।


### विशेष अनुदान आयोजना/कार्यक्रमको विवरण

आयोजना/कार्यक्रमको प्रस्ताव विवरण हेर्न र सम्बन्धित निकायमा पेश गर्न, मुख्य सूचिमा जानुहोस । आयोजना/कार्यक्रमको थप विवरण हेर्न “विवरण” को आइकनमा क्लिक गर्नुहोस।




## समपूरक अनुदान नयाँ


समपूरक अनुदान-आयोजना/कार्यक्रम लेखिएको मेनुमा क्लिक गर्नुहोस । “नयाँ आयोजना थप्नुहोस” लेखिएको बटनमा क्लिक गर्नुहोस। समपूरक अनुदान अन्तर्गत संचालित हुने आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्न यस अघिकै जस्तै प्रक्रिया दोहोर्याउनुहोस्।



**पासवर्ड परिवर्तन**

प्रयोगकर्ताले पासवर्ड परिवर्तन गर्न चाहेमा बायाँ तिर भएको मेनु “पासवर्ड परिवर्तन” लेखिएको मेनुमा क्लिक गर्नुपर्दछ।




कुनै कारणवश User ID/Password उपलब्ध हुन नसकेमा राष्ट्रिय योजना आयोगको ईमेल csgrants@npc.gov.np मा आधिकारिक पत्राचार (scanned letter) गरी पुन प्राप्त गर्न (Reset) सक्नुहुनेछ।